एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३।०७।१७

प्रस्तावनाः प्रदेशको कृषि क्षेत्रको दिगो विकास तथा पशुपन्छी र मत्स्य क्षेत्रको उत्पादन एवं उत्पादकत्व अभिवृद्धिका लागि भौगोलिक सम्भाव्यता, तुलनात्मक लाभ तथा कृषकको आवश्यकता र मागका आधारमा उत्पादन, प्रविधि विकास, भण्डारण, प्रशोधन तथा बजारीकरण प्रवर्धनसम्बन्धी कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा नतिजामूलक रूपमा सञ्चालन गर्न र नवीनतम कृषि प्रविधिको प्रसारमार्फत कृषक तथा कृषि उद्यमीको क्षमता अभिवृद्धि गर्न वाञ्छनीय भएकाले, प्रदेश विनियोजन ऐन, २०८३ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद-१
प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आपूर्तिकर्ता" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गर्न आवश्यक उत्पादन सामग्री लगायतका सेवा आपूर्ति गर्ने इजाजत प्राप्त उत्पादक तथा वितरक संस्थालाई सम्झनुपर्छ।

(ख) "उत्पादन सामग्री" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, बिरुवा, नश्ल, माछा भुरा, औषधी, खोप, तरल नाइट्रोजन, कृषि चुन, दाना, पोषक तथा शुक्ष्म तत्व, पशपन्छी तथा मत्स्यजन्य यन्त्र उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

(ग) "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले प्रदेशमा रहेका पशु सेवा कार्यालय एवं कृषि तथा पशुपन्छी विकास कार्यालय सम्झनुपर्छ।

(ङ) "कृषि यन्त्र उपकरण" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका कार्यमा प्रयोग हुने यन्त्र उपकरण, औजार र एट्याचमेन्टलाई सम्झनुपर्छ।

सुधीर [illegible] प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(च) "दुग्ध उत्पादक सहकारी संस्था" भन्नाले दुध सङ्कलन, प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनुपर्छ। साथै सो शब्दले दुध सङ्कलन, प्रशोधन तथा वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी तथा कृषि सहकारी संस्था समेतलाई बुझाउँदछ।

(छ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ज) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(झ) "पूर्वाधार" भन्नाले सार्वजनिक/सामुदायिक/निजी प्रयोजनका लागि निर्माण हुने भवन, पशुपन्छी/मत्स्य बजार पूर्वाधार, पशुपन्छी/मत्स्यजन्य पदार्थ सङ्कलन/चिस्यान/भण्डारण संरचना, पशुपन्छी स्रोत केन्द्र, घाँस स्रोत केन्द्र, पशु गोठ/खोर, माछापालन पोखरी/रेश्वे, मत्स्य नर्सरी/ह्याचरी, दाना उद्योग, संरक्षित संरचना, प्रविधि सहितको यन्त्र उपकरण जडित प्रशोधन केन्द्र लगायत भौतिक पूर्वाधार, औद्योगिक ग्राम जस्ता पशुपन्छी तथा मत्स्य उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधारको नयाँ निर्माण, थप निर्माण तथा सुदृढीकरणलाई सम्झनुपर्छ।

(ञ) "प्रविधि" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य बाली वस्तुहरुको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी कार्यमा प्रयोग हुने प्रविधि सम्बन्धी कार्यहरु सम्झनुपर्छ।

(ट) "प्रस्तावक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी, जल उपभोक्ता/वन उपभोक्ता/कृषि बजार समितिलाई सम्झनुपर्छ।

(ठ) "प्रोत्साहन अनुदान रकम दुरुपयोग" भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएका शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रूपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरू समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(ड) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ढ) "मूल्य श्रृंखला" भन्नाले पशुपन्छी तथा मत्स्यजन्य उपज विशेष वा सेवाहरुको विकासको लागि कच्चा पदार्थ आपूर्ति एवम् उत्पादनको तह हुँदै संकलन, प्रशोधन,

मा. सभा आले मगर
मन्त्री

भण्डारण, बजारीकरण भई बस्तु/सेवालाई उपभोक्ता समक्ष पुर्याउने क्रियाकलापहरुको सिलसिला एवम् संगालो भन्ने बुझ्नुपर्छ।

(ण) **"दोहोरो अनुदान"** भन्नाले एकै आर्थिक वर्षमा एउटै क्रियाकलापको लागि संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायबाट एउटै लाभग्राहीले लिने अनुदान सम्झनुपर्छ। तर यसबाट समूह वा सहकारीमा आवद्ध कृषकमध्ये अनुदान सहयोग प्राप्त गरिसकेको कृषक बाहेक सोही समूह वा सहकारीका अन्य कृषकले सोही क्रियाकलापका लागि अनुदान कार्यक्रममा सहभागी हुन बाधा पर्ने छैन।

(त) **"लक्षित वर्ग"** भन्नाले कुमाल, चेपाङ, वनकरिया, हायु लगायतका अल्पसङ्ख्यक समुदाय, अपाङ्गता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, जेष्ठ नागरिक तथा अन्य पिछडिएका समुदायका कृषकहरु तथा आर्थिक रुपले विपन्न व्यक्ति वा समुदायलाई सम्झनुपर्छ।

(थ) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(द) **"स्वलगानी"** भन्नाले साझेदारले आफ्नो तर्फबाट साझेदारी गर्ने रकमलाई सम्झनुपर्छ।

(ध) **"संक्रामक रोग"** भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचीमा उल्लिखित रोगहरु र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका अन्य रोगहरुलाई समेत जनाउँछ।

(न) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(प) **"स्थानीय तह"** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

परिच्छेद-२

कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>प्रस्ताव आह्वान:</u> (१) निर्देशनालय/कार्यालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नेछ। साथै निर्देशनालय/कार्यालयले सम्बन्धित स्थानीय तहहरुमा पनि सूचना पत्राचार गर्नुपर्नेछ।

सुदीप अधिकारी
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालय/कार्यालयले न्यूनतम ७ (सात) दिनको समय सीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्नुपर्नेछ।

४. <u>प्रस्ताव दर्ता:</u> कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ३ मा उल्लिखित समय सीमाभित्र अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्दता पत्र, अनुसूची-६ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायतका अनुसूची-३ मा उल्लिखित आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन निर्देशनालय/कार्यालयमा दर्ता गर्नुपर्नेछ।

५. <u>प्रारम्भिक सूची तयार गर्ने:</u> (१) निर्देशनालय/कार्यालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई निर्देशनालय/कार्यालयले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु निर्देशनालय/कार्यालयले दफा ६ बमोजिमको मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. <u>मुल्याङ्कन समिति:</u> (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस गर्न निर्देशनालय/कार्यालयमा एक मूल्याङ्कन समिति रहनेछ।

निर्देशक वा कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत, (निर्देशनालय/कार्यालय)	-संयोजक
अधिकृत/प्राविधिक, योजना हेर्ने शाखा, निर्देशनालय/कार्यालय	-सदस्य
प्रमुख, खरिद एकाइ, निर्देशनालय/कार्यालय	-सदस्य
प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/कार्यालय	-सदस्य
कार्यक्रम हेर्ने अधिकृत/प्राविधिक, निर्देशनालय/कार्यालय	-सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित विषयगत क्षेत्रका बढीमा ३(तीन) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

७. <u>स्थलगत प्रमाणीकरण तथा मुल्याङ्कन:</u> (१) निर्देशनालय/कार्यालयले तयार गरेको प्रारम्भिक सूची अनुसारका प्रस्तावहरु मूल्याङ्कन समितिले आवश्यक कागजात र विवरण रीतपूर्वक भए

प्रदेश सचिव

मन्त्री

नभएको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची निर्देशनालय/कार्यालय समक्ष पेस गर्नेछ। निर्देशनालय/कार्यालयले अनुसूची-७ को चेकलिष्ट बमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-८ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची अनुसार छनोट गर्न निर्देशनालय/कार्यालय समक्ष सिफारिस गर्नेछ।

८. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) समितिले सिफारिस गरेको योग्यताक्रम सूचीका प्रस्तावहरुबारे चित्त नबुझेमा गुनासो पेस गर्न निर्देशनालय/कार्यालयले ७ (सात) दिनको समयसीमा राखी वेबसाइटमार्फत योग्यताक्रम सूचीसहितको आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्यौंट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) निर्देशनालय/कार्यालयले अन्तिम योग्यताक्रम सूचीबाट योग्तयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न वेबसाइट वा कार्यालयको आधिकारिक सामाजिक सञ्जालमार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) निर्देशनालय/कार्यालयले सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप अनुसारको प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) निर्देशनालय/कार्यालयले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनेछ।

९. <u>कार्ययोजना स्वीकृतिः</u> (१) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी निर्देशनालय/कार्यालय समक्ष पेस गर्नेछ।

(२) निर्देशनालय/कार्यालयले उपदफा (१) बमोजिम पेस भए अनुसार नै वा आवश्यक भए परिमार्जनसहित सम्झौता पूर्व नियमानुसार लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

सुधीर अाठ
प्रदेश सचिव

मो. यूसा जाल मगर
मन्त्री

१०. सम्झौता: (१) छनोट भएका प्रस्तावकहरुसँग निर्देशनालय/कार्यालयले अनुसूची-९ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) साझेदारले सम्झौता गर्नु अघि अनुसूची-२२ बमोजिम स्व-घोषणा पेस गर्नुपर्नेछ।

परिच्छेद-३

पशुजन्य पदार्थ उपभोग प्रवर्धन कार्यक्रम

११. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) निर्देशनालय/कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र दुध र दुग्धजन्य पदार्थ, माछा, मासु र अण्डा लगायतका पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरु समावेश गरी देहाय बमोजिमका कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(क) दिवा खाजाको व्यवस्था भएका सामुदायिक विद्यालयहरुको समन्वयमा दिवा खाजा कार्यक्रम,

(ख) स्थानीय वा जिल्ला वा प्रदेशस्तरमा आयोजना हुने उत्सव, चाडपर्व, मेला/महोत्सव समारोह र दिवस कार्यक्रम,

(ग) स्वास्थ्य संस्थामा नियमित स्वास्थ्य जाँच गराउने गर्भवती महिला, सुत्केरी महिला, अनार्थ आश्रममा रहेका बालबालिका, कुपोषण र पुड्कोपना भएका बालबालिका, अल्पसंख्यक समुदाय, वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई पशुपन्छी तथा मत्स्यजन्य उत्पादन वितरण कार्यक्रम।

(२) निर्देशनालय/कार्यालयले पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको उपभोग सम्बन्धी सचेतनामूलक सामग्री तयारी, प्रसारण तथा प्रेषण गर्न सक्नेछ।

(३) निर्देशनालय/कार्यालयले कृषकहरुको लागि, पशुपन्छी तथा मत्स्यपालनसँग सम्बन्धित प्रविधि प्रदर्शनी, स्कुल शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(४) निर्देशनालय/कार्यालयले दुध र दुग्धजन्य पदार्थ, माछा, मासु र अण्डा लगायतका पशुपन्छी तथा मत्स्यजन्य उत्पादन उपभोग सम्बन्धी सामग्री तयार गरी राजमार्गको आसपासको उपयुक्त स्थान यकिन गरेर डिजिटल बोर्डमार्फत डिस्प्ले गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(५) निर्देशनालय/कार्यालयले कार्यक्रम सञ्चालन पूर्व मापदण्ड र लागत अनुमान तयार गरी स्वीकृत गराउनु पर्नेछ।

(६) निर्देशनालय/कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संघसंस्था, सरकारी निकाय वा अन्य सरोकारवालाहरुसँग सहकार्य वा समन्वय गर्न सक्नेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

परिच्छेद-४

एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम

१२. पकेट क्षेत्र छनोटः कार्यालयले जिल्लाभित्र विगतमा छनोट भएका वा नयाँ पकेट क्षेत्र छनोट गरी जोन क्षेत्रभित्र कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

१३. छनोट समितिः (१) एक पकेट खोरेत रोगमुक्त अभियान कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्र छनोट गर्न जिल्लास्तरमा देहाय बमोजिमको छनोट समिति रहनेछ।

प्रमुख, जिल्ला समन्वय समिति	-संयोजक
प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ/कृषक	-सदस्य
प्रमुख, पशु सेवा कार्यालय	-सदस्य
अधिकृत/प्राविधिक, योजना हेर्ने शाखा, कार्यालय	-सदस्य
कार्यक्रम हेर्ने अधिकृत, पशु सेवा कार्यालय	-सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको छनोट समितिले आवश्यक ठानेमा ३(तीन) जनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१४. पकेट क्षेत्र छनोटः (१) दफा १३ को उपदफा (१) बमोजिमको छनोट समितिले देहायका आधारमा कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्र छनोट गर्नेछ :-

(क) खुरफट्टा पशुहरुको संख्या (एक हजार भन्दा बढी हुनु पर्ने),

(ख) रोगको प्रकोपको अवस्था र सम्भावित जोखिम,

(ग) पशु ओसार-पसार बढी हुने क्षेत्र,

(घ) व्यावसायिक पशुपालनमा अग्रणी क्षेत्र।

(२) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह र राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला, काठमाडौँसँग समन्वय गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम खोप कार्यक्रममा सहभागी हुनु कृषकहरुको कर्तव्य हुनेछ। खोप कार्यक्रममा कृषकहरुबाट सहयोग प्राप्त नभएमा वा कुनै किसिमको बाधा अड्चन सिर्जना भएमा सम्बन्धित कार्यालयले कार्यक्रम रद्द गर्न सक्नेछ।

१५. प्रचार/प्रसारः कार्यालयले सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, वडा तथा टोलस्तरीय अभिमुखीकरण तथा प्रचार/प्रसार कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

सुधाकर [illegible]
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

१६. <u>आवश्यक सामग्री खरिद तथा भण्डारण:</u> (१) नेपाल सरकार, पशु सेवा विभागबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा निर्देशनालयले समन्वय गरी सम्बन्धित कार्यालयको लागि निर्धारित परिमाणमा खोप उपलब्ध गराउने छ।

(२) खोप कार्यका लागि अनुसूची-१० बमोजिमका सामग्रीहरु कार्यालयले खरिद गरी व्यवस्थापन गर्नेछ।

(३) खोपको उचित भण्डारण सुनिश्चितताको लागि कार्यालयले सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्नेछ।

१७. <u>खोपकर्ता छनोट तथा अभिमुखीकरण:</u> (१) कार्यालयले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि./जे.टि.ए. वा भेटेरिनरी विषयमा औपचारिक शिक्षा हासिल गरेका खोप लगाउन सक्षम नेपाली नागरिकलाई खोपकर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ। खोपकर्ता नियुक्ति गर्दा सम्बन्धित स्थानीय तहका प्राविधिकहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(२) कार्यालयले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनु पर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिन अभिमुखीकरण कार्यक्रम गर्नेछ।

१८. <u>खोप कार्यक्रम:</u> (१) गाई, भैंसी तथा बंगुरका लागि सम्बन्धित फार्ममै र भेडा, बाख्राका लागि कुनै खोप केन्द्र तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) खोप लगाई सकेपछि अनुसूची-११ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ।

(३) खोपकर्ताले अनुसूची-१२ बमोजिको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई कार्यालयलाई पठाउनु पर्नेछ।

(४) कार्यालयले खोप कार्यको प्रगति विवरण निर्देशनालय मार्फत मन्त्रालय पठाउनु पर्नेछ।

१९. <u>खोप कार्यको अनुगमन:</u> खोप कार्यक्रमको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयले आवश्यकता अनुसार गर्नेछ।

२०. <u>खोपको प्रभावकारिता मूल्याङ्कन:</u> खोपकार्यको प्रभावकारिता मुल्याङ्कनको लागि निर्देशनालयले राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाडौं तथा सम्बन्धित कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

दसुचीत श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

२१. <u>खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्थाः</u> पशुहरुलाई खोप लगाए बापत कार्यालयले खोपकर्तालाई अनुसूची-१३ बमोजिमको पारिश्रमिक उपलब्ध गराउनेछ।

परिच्छेद-५

<u>पशुपालनमा असल अभ्यास प्रवर्धन कार्यक्रम</u>

२२. <u>प्रस्तावकः</u> यस कार्यक्रम अन्तर्गत दुग्ध उत्पादक सहकारी संस्था वा निजी फार्मले आवेदन दिन सक्नेछन्।

२३. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरुः</u> (१) कार्यक्रममा सहभागिताको लागि इच्छुक प्रस्तावकले देहाय अनुसार मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको हुनु पर्नेछ।

(ख) प्रस्तावक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम १(एक) वर्ष पुरा भई दैनिक न्यूनतम १०० (एक सय) लिटर दुध सङ्कलन गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावक संस्थामा आबद्ध कृषकहरुले काभ्रे, चितवन जिल्लामा दैनिक न्यूनतम २०(बीस) लिटर, ललितपुर, भक्तपुर र मकवानपुर जिल्लामा दैनिक न्यूनतम १५ (पन्ध्र) लिटर, काठमाडौं जिल्लामा दैनिक न्यूनतम १० (दश) लिटर, सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, रामेछाप, दोलखा, नुवाकोट र रसुवा जिल्लामा दैनिक न्यूनतम ८ (आठ) लिटर दुध बिक्री गर्ने गरेको विवरण अनुसूची-१४ बमोजिमको फारम भरी प्रस्तावसँगै पेस गर्नुपर्नेछ।

(घ) निजी फार्मको हकमा उपदफा १(ग) बमोजिमको मापदण्ड पुरा गरेको प्रमाण पेस गर्नुपर्नेछ।

(२) पशु बिमा गरेको कागजात पेस गर्नुपर्नेछ।

(३) कार्यालयले साझेदार संस्थालाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन लागि प्रति कृषक बढीमा १(एक) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) गोठ निर्माण/सुधार,

(ख) जैविक सुरक्षा व्यवस्थापन,

(ग) पशु स्वास्थ्य प्रवर्धन,

(घ) यन्त्र/उपकरण/रिएजेन्ट/रसायन खरिद (ह्वील ब्यारो, कम्प्रेसर वाटर पम्प, स्टेनलेस स्टिल मिल्क क्यान, सि.एम.टी. किट, टिट डिपिङ्ग किट आदि)।

प्रदेश सचिव

मन्त्री

(४) साझेदार संस्थाले दैनिक रुपमा दुध उत्पादन, खोप कार्य, दैनिक खुराक योजना, कृत्रिम गर्भाधान, उपचार आदिको व्यवस्थित अभिलेख राख्नु पर्नेछ।

परिच्छेद-६

भेडा/बाख्रा प्रवर्धन कार्यक्रम

२४. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत दर्तावाल भेडा/बाख्रापालक निजी फार्म र भेडा/बाख्रापालक समूह/सहकारीले आवेदन दिन सक्नेछन्।

२५. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) प्रस्तावकसँग न्यूनतम २० (बीस) वटा माउ भेडा/बाख्रा हुनु पर्नेछ। कृषक समूह/सहकारीको हकमा न्यूनतम १०(दश) जना भेडा/बाख्रापालक सदस्य भई प्रति भेडा/बाख्रापालक सदस्यले न्यूनतम ३ (तीन) वटा माउ भेडा/बाख्रा पालेको हुनु पर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा २ लाख ५० हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ:-

(क) घाँस खेती, चरन सुधार,
(ख) प्रजनन् योग्य बोका/थुमा खरिद,
(ग) खोर/घुम्ती खोर निर्माण/सुधार,
(घ) पशु स्वास्थ्य प्रवर्धन,
(ङ) जैविक सुरक्षा व्यवस्थापन,
(च) फार्ममा आवश्यक यन्त्र उपकरण खरिद।

परिच्छेद-७

चौरी प्रवर्धन कार्यक्रम

२६. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत चौरीपालक कृषक समूह/सहकारी वा निजी चौरी फार्मले आवेदन दिन सक्नेछन्।

२७. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) समूह/सहकारीमा कम्तिमा पाँच जनाले न्यूनतम ५० (पचास) चौरी पालेको हुनुपर्नेछ। निजी चौरी फार्मको हकमा न्यूनतम १५ (पन्ध्र) चौरी पालेको हुनुपर्नेछ।

(२) साझेदार संस्थाले देहायका क्रियाकलापहरु मध्ये आवश्यकता तथा औचित्यताको आधारमा कम्तीमा दुईवटा क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार निजीलाई बढीमा

प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

२ लाख ५० हजार रुपैयाँ र समूह/सहकारीलाई बढीमा ७ लाख ५० हजार रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ:-

(क) चरन खर्क सुधार,

(ख) याक/नाक खरिद,

(ग) घुम्ती गोठ निर्माण/सुधार,

(घ) पशु स्वास्थ्य प्रवर्धन,

(ङ) घुम्ती सोलार जडान,

(च) गोठालाको लागि आवश्यक समाग्री खरिद,

(छ) खानेपानी पाईप खरिद तथा आकाशे पानी सङ्कलन व्यवस्थापन,

(ज) दुग्ध संलकन, ढुवानी, प्रशोधन तथा भण्डारण सम्बन्धी आवश्यक सामग्री खरिद।

परिच्छेद-८

घाँस विकास कार्यक्रम

२८. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) घाँसबाली बिउ/बेर्ना/बिरुवा वितरण कार्यक्रम कार्यालयले देहाय अनुसार सञ्चालन गर्नु पर्नेछ :-

(क) एक वर्षीय घाँसका बिउ वितरणको लागि वार्षिक स्वीकृत बजेटको बढीमा ५० प्रतिशत खर्च गर्न सकिनेछ।

(ख) बहुवर्षे घाँसको बिउ/बेर्ना/बिरुवा वितरणको लागि वार्षिक स्वीकृत बजेटको बढीमा ५० प्रतिशत खर्च गर्न सकिनेछ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधिभित्र रही कार्यालयले स्थानीय तह, सहकारी/समूह र निजी उद्यमीको माग अनुसार घाँसको बिउ/बेर्ना/बिरुवा वितरण गर्न सक्नेछ।

परिच्छेद-९

रेन्बोट्राउट माछा प्रवर्धन कार्यक्रम

२९. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत दर्तावाल रेन्बोट्राउटपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

३०. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) आफ्नै स्वामित्वमा जग्गा भएको प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकले न्यूनतम १० वर्षसम्म भाडामा लिएको करार पत्र पेस गर्नुपर्नेछ।

(२) कार्यालयले साझेदार संस्थाललाई देहायका क्रियाकलापहरु सञ्चालनको लागि प्रति साझेदार बढीमा १० (दश) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) रेञ्चे निर्माण तथा विस्तारः नयाँ रेञ्चे निर्माण गर्दा न्यूनतम २०० वर्गमिटर वा पुरानो रेञ्चेमा थप विस्तार गर्नु पर्ने भए थप सहित न्यूनतम क्षेत्रफल ४०० वर्गमिटर पुऱ्याउनु पर्नेछ। न्यूनतम क्षेत्रफल पुगे पश्चात मात्र अन्य क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(ख) रेन्बोट्राउट ह्याचरी निर्माण,

(ग) यन्त्र उपकरण तथा सामग्री खरिद,

(घ) दाना गोदाम घर निर्माण,

(ङ) भुरा ढुवानीमा प्रोत्साहन रकमको अधिकतम ५ प्रतिशत।

परिच्छेद -१०

मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम

३१. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत मत्स्यपालनमा आबद्ध कृषक समूह/सहकारी/निजी उद्यमीले आवेदन दिन सक्नेछन्।

३२. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः (१) कार्यालयले साझेदार संस्थालाई मत्स्यपालन क्षेत्र विस्तारको लागि प्रति हेक्टर बढीमा ५(पाँच) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

(२) साझेदारले कार्यालयले उपलब्ध गराएको डिजाइन अनुरुप माछापालन पोखरी निर्माण गर्नुपर्नेछ।

परिच्छेद-११

उद्यमशीलता विकास कार्यक्रम

३३. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत दर्तावाल निजी पशुपन्छी तथा मत्स्य फार्म/कम्पनी र उद्यमीले आवेदन दिन सक्नेछन्।

३४. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि प्रति साझेदार बढीमा २(दुई) लाख रुपैयाँ प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) दुग्धजन्य पदार्थको प्रशोधन तथा विविधीकरण, भण्डारण तथा निर्यात,

(ख) मासु/मत्स्यजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण,

१२

सुदीप गुरुङ
प्रदेश सचिव

मा. रमा अले मगर
मन्त्री

(ग) घाँसबाट हे (Hay), साईलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यावसाय,

(घ) व्यावसायिक पशुपन्छी उत्पादन,

(ङ) व्यावसायिक मत्स्य उत्पादन तथा प्रशोधन।

परिच्छेद-१२

मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम

३५. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत लक्षित वर्गका पशुपन्छी तथा मत्स्यपालक कृषकले जीविकोपार्जन तथा पोषण सुरक्षाको लागि प्रस्ताव पेस गर्न सक्नेछन्।

३६. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) प्रस्तावकले प्रस्तावसँगै स्थानीय तहबाट आर्थिक विपन्नताको सिफारिस पत्र पेस गर्नुपर्नेछ।

(२) कार्यालयले साझेदार संस्थालाई देहायका क्रियाकलापहरु सञ्चालन लागि कार्यक्रममा तोकीएको हकमा तोकिए अनुसार र नतोकिएको हकमा कूल लागतको बढीमा ९० प्रतिशतका दरले प्रति साझेदार १(एक) लाख रुपैयाँ नबढ्ने गरी प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ :-

(क) पशुपन्छी तथा मत्स्यपालन

(ख) दुध सङ्कलन तथा प्रशोधन,

(ग) दुध वा माछा/मासु बिक्री पसल,

(घ) पशुपन्छी तथा मत्स्यजन्य व्यवसाय।

परिच्छेद-१३

पाडापाडी पालनमा प्रोत्साहान कार्यक्रम

३७. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत भैंसीपालक कृषक समूह/सहकारी र दर्तावाल भैंसीपालक निजी फार्मले आवेदन दिन सक्नेछन्।

३८. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) खोरेत रोग मुक्त गर्न स्वीकृत भएको स्थानीय तह भित्रका कृषकहरुलाई लक्षित गरी आवेदनको लागि निर्देशनालय/कार्यालयले सूचना आह्वान गर्नेछ।

(२) प्रस्तावक समूह/सहकारीमा आबद्ध कृषकहरुको पाडापाडी पालन गर्ने गोठ स्वच्छ, सुख्खा, सुरक्षित, आरामदायी, पर्याप्त स्थानयुक्त, उचित वायुसञ्चार तथा प्रकाशयुक्त र प्रभावकारी फोहोर तथा मलमूत्र व्यवस्थापन प्रणालीसहितको हुनुपर्नेछ।

सुधीर अधिकारी
प्रदेश सचिव मा. श्री आले मगर

(३) प्रस्तावकले अनुसूची-२ बमोजिम आवेदन पत्र, स्थानीय तहको सिफारिस पत्र, संस्था दर्ता, कर चुक्ता र इच्छुक कृषकहरुको नामावली र पालन गरिरहेको भैंसी र पालन गर्न चाहेको पाडापाडीको संख्या खुल्ने विवरण सहितको कागजातहरु पेस गर्नुपर्नेछ।

(४) प्रस्तावक संस्थाले प्रति कृषक न्यूनतम ३ वटा पाडापाडी हुर्काउनको लागि प्रतिबद्धता पेस गर्नुपर्नेछ।

(५) उपदफा ३ बमोजिम पेस भएका आवेदनहरु मध्ये निर्देशनालय/कार्यालयले रीतपूर्वक प्राप्त प्रस्तावहरुको सूची प्रकाशन गर्नेछ।

(६) सूची प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्तावकले पाडापाडीको बिमा गरेको कागज र बिमा ट्याग देखिने पाडापाडीको फोटो पेस गर्नुपर्नेछ।

(७) बैशाख मसान्तसम्म बिमित पशु संख्याको आधारमा रकम माग गर्नुपर्नेछ। उपलब्ध गराइने अधिकतम प्रोत्साहन रकम देहाय अनुसार हुनेछः-

(क) १२ महिनासम्मको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ४०००।-

(ख) १२ देखि २४ महिनासम्मको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ६०००।-

(ग) २४ देखि ३६ महिनासम्मको पाडापाडी बापत प्रोत्साहन रकम- रु. ८०००।-

(८) स्वीकृत रकम भन्दा बढी संख्यामा माग भई रकम अपुग भएमा स्वीकृत कार्यक्रम बजेटको आधारमा समानुपातिक दर निर्धारण गरी निर्देशनालय/कार्यालयले प्रोत्साहन रकम वितरण गर्नेछ।

परिच्छेद-१४

पशुपन्छी तथा मत्स्य यान्त्रिकीकरण प्रवर्धन कार्यक्रम

३९. प्रस्तावकः यस कार्यक्रम अन्तर्गत कृषक समूह, कृषि सहकारी, निजी कृषि फार्म, कृषि उद्यमीले आवेदन दिन सक्नेछन्।

४०. कार्यक्रम सञ्चालन विधि/शर्तहरुः (१) यस कार्यक्रम अन्तर्गत पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन, प्रशोधन, भण्डारण, विविधीकरण र बजारीकरण कार्यमा सहयोग पुग्ने औजार, यन्त्र उपकरण र मेशिनको वितरण र प्रविधि प्रवर्धन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(२) प्रस्तावकले सार्वजनिक सूचना बमोजिम सम्बन्धित निर्देशनालय/कार्यालयमा अनुसूची-१५ बमोजिम आवेदन पेस गर्नुपर्नेछ।

(३) पशुपन्छी तथा मत्स्य व्यवसाय सम्बन्धी औजार, यन्त्र उपकरण र मेशिनको न्यूनतम मापदण्ड अनुसूची-१६ बमोजिम हुनेछ।

सुधीर अर्याल
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(४) निर्देशनालय/कार्यालयले पशुपन्छी तथा मत्स्य सम्बन्धी औजार, यन्त्र उपकरण र मेशिनको भूगोल सुहाउँदो वर्गीकरण गर्न सक्नेछ।

(५) अनुसूची-१७ बमोजिमको सम्झौतामा उल्लेख भएको औजार, यन्त्र उपकरण र मेशिनको खरिद कार्य साझेदार आफैले गर्नुपर्नेछ। यसरी खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा भएको व्यवस्था अनुरूप गर्नुपर्नेछ।

(६) यन्त्र उपकरण खरिद गरिसकेपछि अनुसूची-१८ मा उल्लिखित रकमको आधारमा साझेदारलाई बैङ्क खातामार्फत रकम भुक्तानी गरिनेछ।

(७) सामूहिक पशुपन्छी तथा मत्स्यपालन व्यावसायलाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

(८) स्वदेशी उद्योग/कारखाना/आविष्कार केन्द्रबाट उत्पादित कृषि औजार उपकरणको प्रयोगलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ।

परिच्छेद-१५

विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम

४१. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत मत्स्यपालक कृषक/व्यवसायी तथा सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रले आवेदन दिन सक्नेछन्।

४२. कार्यक्रम सञ्चालन विधि/शर्तहरु: (१) प्रस्तावकले पेस गरेको अनुसूची-१९ बमोजिमको आवेदन, अनुसूची-२० बमोजिमको प्रस्ताव तथा अन्य संलग्न कागजात रीतपूर्वक भए नभएको यकिन गरी निर्देशनालयले प्रस्तावकहरुको सूची प्रकाशन गरी सोको जानकारी प्रस्तावकलाई दिनेछ।

(२) प्रस्तावकलाई यस आर्थिक वर्षको श्रावन देखि जेष्ठ मसान्तसमा तिरेको यथार्थ विद्युत खपत महशुल रकममा बढीमा ५० प्रतिशत सहुलियत रकम उपलब्ध गराइनेछ। नियमानुसार लाग्ने कर तथा जरिवानामा प्रोत्साहन उपलब्ध गराईने छैन ।

(३) सूचीकृत प्रस्तावकले श्रावन देखि जेष्ठ मसान्तससम्म तिरेको विद्युत महशुलको बिलसहित रकम भूक्तानीको लागि अनुसूची-२१ बमोजिमको निवेदन पत्र सहित निर्देशनालय/कार्यालयमा असार महिनाको ७ गतेभित्र पेस गर्नुपर्नेछ। सो समय पश्चात प्राप्त भएका निवेदन उपर आवश्यक कारबाही गरिने छैन।

(४) निर्देशनालय/कार्यालयले भूक्तानी दिने सहुलियत रकम स्वीकृत कार्यक्रमको बजेटको परिधीभित्र रही प्रस्तावकले उपलब्ध गराएको बैङ्क खातामा भुक्तानी गर्नेछ।

(५) स्वीकृत रकम भन्दा बढी संख्यामा माग भई रकम अपुग भएमा स्वीकृत कार्यक्रम बजेटको आधारमा समानुपातिक दर निर्धारण गरी सहुलियत रकम वितरण गरिनेछ।

(६) मत्स्यपालक कृषक/व्यवसायीहरुको हकमा सूचीकृत हुन आवश्यक मापदण्ड:

प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(क) न्यूनतम ५ कट्ठा क्षेत्रफलमा व्यावसायिक माछापालन गरेको। रेन्बोट्राउट जातको माछाको हकमा न्यूनतम ५०० वर्गमिटरको रेखे हुनु पर्नेछ।

(ख) माछा पोखरीमा खपत हुने बिजुलीका लागि प्रस्तावकको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा सो नभए माछापालनको लागि विद्युत मिटर प्रयोग गरेको बेहोरा खुल्ने विद्युत प्राधिकरणको सिफरिस पत्र हुनु पर्नेछ।

(७) सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुको हकमा सूचीकृत हुन आवश्यक मापदण्डः

(क) चिस्यान केन्द्रमा खपत हुने बिजुलीका लागि प्रस्तावकको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा सो नभए चिस्यान केन्द्रमा विद्युत मिटर प्रयोग गरेको बेहोरा खुल्ने विद्युत प्राधिकरणको सिफरिस पत्र हुनु पर्नेछ।

(ख) प्रस्तावक संस्थाले दैनिक कम्तीमा २५० लि. दुध सङ्कलन गरी कारोवार गरेको हुनु पर्नेछ।

(ग) प्रस्तावकले सूचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पुरा भई वार्षिक कम्तीमा ३०० दिनसम्म कारोवार एवं सञ्चालन गरेको हुनु पर्नेछ।

(घ) प्रस्तावकले दैनिक कम्तीमा ५०० लि. क्षमताको चिलिङ भ्याट सञ्चालनमा रहेको हुनु पर्नेछ।

परिच्छेद-१६

मूल्य श्रृंखला विकास कार्यक्रम

४३. प्रस्तावकः (१) यस कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण, मूल्य अभिवृद्धि वा बजारीकरणमा संलग्न कृषक, कृषक समूह, कृषि सहकारी, उत्पादक संस्था, बहुउद्देश्यीय सहकारी संस्था, निजी फर्म/कम्पनी तथा प्रचलित कानून बमोजिम दर्ता भएका सम्बन्धित व्यवसायिक संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) उत्पादनबाहेक सङ्कलन, प्रशोधन, भण्डारण वा बजारीकरणमा मात्र संलग्न आवेदकको हकमा सम्बन्धित कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको नियमित आपूर्ति सुनिश्चित हुने गरी उत्पादक कृषक, कृषक समूह, सहकारी वा उत्पादक संस्थासँग गरिएको लिखित खरिद-बिक्री/आपूर्ति सम्झौता अनिवार्य हुनेछ।

सुधीर शर्मा
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(३) खरिद-बिक्री/आपूर्ति सम्झौतामा कम्तीमा उत्पादनको प्रकार, अनुमानित परिमाण, गुणस्तर मापदण्ड, मूल्य निर्धारणको आधार, आपूर्ति अवधि, भुक्तानीको शर्त तथा सम्झौताको अवधि खुलाइएको हुनुपर्नेछ।

(४) उत्पादन तथा बजारबीच प्रत्यक्ष व्यावसायिक सम्बन्ध स्थापित गर्ने उत्पादक-व्यवसायी साझेदारीमा आधारित प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(५) आवेदकले प्रस्तावित मूल्य श्रृंखलामा आफ्नो भूमिका, संलग्न अन्य मूल्य श्रृंखला साझेदार, लक्षित बजार तथा उत्पादन/उपजको प्रवाह स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्नेछ।

४४. <u>कार्यक्रम सञ्चालन विधि/शर्तहरु:</u> (१) यस कार्यक्रम अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजको उत्पादनदेखि अन्तिम बजारसम्मको मूल्य श्रृंखला सुदृढीकरण, उत्पादन तथा आपूर्तिको नियमितता, गुणस्तर अभिवृद्धि, प्रशोधन तथा मूल्य अभिवृद्धि, बजार पहुँच र कृषकको आय अभिवृद्धिमा सहयोग पुग्ने गरी स्वीकृत व्यवसायिक योजनाका आधारमा अधिकतम रु. २५ (पच्चीस) लाख प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

(क) पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणसँग सम्बन्धित सामग्री, कृषि पूर्वाधार निर्माण आदि,

(ख) मुल्य अभिबृद्धिसँग सम्बन्धित अन्य क्रियापकलापहरु (उत्पादन विविधिकरण, प्याकेजिङ, लेवलिङ, डिजिटल मार्केटिङ्ग, ब्रान्डीङ्ग आदी),

(ग) सूचना तथा संचारसँग सम्बन्धित क्रियाकलापहरु (सचेतना, संचार माध्यमबाट प्रचार प्रसार लगायतका क्रियाकलापहरु)

(२) उपदफा (१) बमोजिमको क्रियाकलापहरु संचालन गर्दा कुनकुन बाली/वस्तुसंग सम्बन्धित मूल्य शृंखला विकास गर्ने हो र कुन क्षेत्रमा उत्पादित मूल्य शृंखला विकास गर्ने हो स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत कृषि प्रसार तथा क्षमता अभिवृद्धिसंग सम्बन्धित क्रियाकलापहरु कुल लागतको ५% नबढ्ने गरि शत प्रतिशत लगानीमा कार्यालय/निर्देशनालयले गर्न सक्नेछ।

(४) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई प्राविधिक सिफारिसमा बढीमा ३(तीन) किस्तामा साझेदारको बैंक खाता मार्फत भुक्तानी गर्न सकिनेछ। साथै अन्तिम किस्ता भुक्तानीका लागी कार्य सम्पन्न प्रतिवेदन, बीलवीजक, स्थलगत अनुगमन प्रतिबेदन तथा कार्यालय/निर्देशनालयले माग गरे अनुसारको अन्य आवश्यक कागजात पेश गरे पश्चात मात्र भुक्तानी गरिनेछ।

सुधीर श्रेष्ठ
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

खोरेत रोगमुक्त क्षेत्रमा राँगापालन प्रवर्द्धन कार्यक्रम

४५. प्रस्तावकः (१) यस कार्यक्रम अन्तर्गत खोरेत रोगमुक्त क्षेत्र कार्यक्रम लागू भएका जिल्लाका सम्बन्धित स्थानीय तहमा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका पशुपन्छी व्यवसाय सम्बन्धी निजी फर्म, उद्यमी, कृषक समूह, सहकारी संस्था तथा कम्पनीले प्रस्ताव पेश गर्न सक्नेछन्।

(२) प्रस्तावकले कार्यक्रम सञ्चालन हुने क्षेत्रमै राँगापालन व्यवसाय सञ्चालन गरिरहेको र कार्यक्रमबाट सहयोग प्राप्त गरी सोही क्षेत्रमा व्यवसायिक राँगापालन विस्तार गर्ने स्पष्ट योजना अनुसूची-४ को ढाँचामा पेश गर्नुपर्नेछ।

(३) प्रस्तावकले पशु स्वास्थ्य, जैविक सुरक्षा, पशु पहिचान तथा अभिलेखीकरण र पशु आवागमनसम्बन्धी प्रचलित कानून तथा सम्बन्धित पशु स्वास्थ्य निकायले निर्धारण गरेका मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

४६. कार्यक्रम सञ्चालन शर्त/विधिहरुः: (१) प्रस्तावकसँग न्यूनतम १० (दश) वटा राँगा रहेको हुनुपर्नेछ साथै कृषक समूह र सहकारीको हकमा न्यूनतम १० जना राँगापालक कृषक सदस्य भई प्रति सदस्यले न्यूनतम २ (दुई) वटा राँगा पालेको हुनुपर्नेछ।

(२) कार्यक्रमबाट सहयोग प्राप्त गर्न इच्छुक प्रस्तावकले आफ्नो राँगाको संख्या, जात/प्रकार, उमेर, पहिचान नम्बर, खोप विवरण तथा स्वास्थ्य अवस्थासहितको अभिलेख पेश गर्नुपर्नेछ।

(३) उक्त कार्यक्रममा छनौट भएका साझेदार संस्थालाई देहायका क्रियाकलापहरु संचालनको लागि प्रति साझेदार फर्मको हकमा बढीमा २ लाख ५० हजार तथा समूह/सहकारीको हकमा बढीमा ७ लाख ५० हजार प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ।

(क) राँगाको गोठ निर्माण, सुधार तथा पशु कल्याणमैत्री व्यवस्थापन यन्त्र, उपकरण, औजार सहयोग,

(ख) जैविक सुरक्षा सम्बन्धी कार्यहरु,

(ग) औषधि खर्च, परजीवी/रोग नियन्त्रण तथा खोप कार्य,

(घ) राँगा खरिद,

(४) प्रस्तावकले कुल लागतको अधिकतम २५ प्रतिशत रकम राँगा खरिदको लागि खर्च गर्न सक्नेछ।

सधीर [illegible]
प्रदेश सचिव

मा. रमा आले मगर
मन्त्री

(५) रोगमुक्त क्षेत्रभन्दा बाहिरबाट राँगा ल्याउनुपर्ने अवस्थामा दर्तावाल पशु चिकित्सकबाट जारी भएको पशु स्वास्थ्य प्रमाणपत्र तथा अन्य तोकिएका प्रक्रिया पूरा गरी मात्र पशु ल्याउनुपर्नेछ।

(६) राँगा खरिद गर्दा उपलब्ध भएसम्म सरकारी वा निजी श्रोत केन्द्रहरुबाट खरिद गर्नुको साथै पशुहरुको अनिवार्य रुपमा वीमा गरेको हुनुपर्नेछ।

परिच्छेद- १८

लागत साझेदारीमा साइलो पिट निर्माण तथा प्रदर्शन

४७. प्रस्तावक: यस कार्यक्रम अन्तर्गत प्रचलित कानून बमोजिम दर्ता भएका निजी पशुपन्छी फर्म, कृषक समूह, कृषि सहकारी तथा कृषि कम्पनीले आवेदन दिन सक्नेछन्।

४८. कार्यक्रम संचालन विधि तथा शर्त: (१) प्रस्तावकसँग न्यूनतम २० (बीस) वटा गाई/भैंसी रहेको हुनुपर्नेछ साथै कृषक समूहको हकमा न्यूनतम १० (दश) पशुपालक कृषक सदस्य भई प्रति सदस्यले न्यूनतम ३ (तीन) वटा गाई/भैंसी पालेको हुनुपर्नेछ भने सहकारीको हकमा न्यूनतम २० (बीस) पशुपालक कृषक सदस्य भई प्रति सदस्यले न्यूनतम २ (दुई) वटा गाई/भैंसी पालेको हुनुपर्नेछ । यसरी पालिएका गाई/भैंसीको अनिवार्य बीमा गरेको हुनुपर्नेछ।

(२) प्रस्तावकले कार्यक्रम सञ्चालनस्थलमा आवश्यक मात्रामा साइलेज उत्पादन गर्न सकिने नेपियर/मकै/अन्य उपयुक्त घाँस खेती गरेको वा उत्पादनका लागि सुनिश्चित व्यवस्था गरेको प्रमाण पेश गर्नुपर्नेछ।

(३) प्रस्तावकले सम्बन्धित स्थानीय तहको पशु सेवा हेर्ने शाखाबाट कार्यक्रम सञ्चालन स्थल, पशु संख्या तथा घाँस उपलब्धताको सम्बन्धमा सिफारिस पेश गर्नुपर्नेछ।

(४) साझेदारले कम्तिमा १४४० (२०*१२*६) घन फिटको ३ (तीन) वटा साइलो पिट निर्माण गरेको हुनुपर्नेछ। सो कार्य वापत कार्यालयले स्वीकृत बजेटको परिधि भित्र रही अधिकतम रु. ८(आठ) लाख रकम अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ।

(५) छनौटमा भएका साझेदारहरुले कार्यालय/निर्देशनालयलबाट स्वीकृत प्राविधिक स्पेशिफिकेशन, डिजाईन, मापदण्ड तथा लागत अनुमान अनुसार साइलो पिट निर्माण गर्नुपर्नेछ। साइलो पिट निर्माण गर्दा तपसिल अनुसारको व्यवस्था अवलम्बन गर्नुपर्नेछ।

(क) मजबुत तथा smooth concrete/RCC floor तथा side wall, पानी निकास तथा silage effluent व्यवस्थापन,

(ख) वर्षाको पानी साइलोमा प्रवेश गर्न नदिने drainage/diversion व्यवस्था,

(ग) Forage loading, compaction तथा unloading का लागि उपयुक्त access,

सुधीर शाह
सचिव

मा. रमा आले मगर
मन्त्री

(घ) Airtight sealing को लागि उपयुक्त plastic sheet/covering व्यवस्था,

(ङ) आवश्यकताअनुसार छाना वा अन्य protective structure,

(च) पशु तथा मानव आवागमनबाट silo cover तथा संरचनाको सुरक्षाको व्यवस्था गर्नुपर्नेछ।

(६) साझेदारले साइलो पिट निर्माणसँगै कार्यालयले तोकेका सम्बन्धित क्षेत्रका अन्य व्यवसायिक पशुपालक कृषकलाई साइलेज उत्पादन तथा प्रयोग सम्बन्धी व्यावसायिक रूपमा साइलेज उत्पादन गरी सो को सम्पूर्ण प्राविधिक जानकारी तथा प्रक्रिया प्रदर्शन गर्नुपर्नेछ। कार्यालयले कुल सम्झौता रकमको कम्तिमा १०% बजेट गुणस्तर चेक गर्ने उपकरण, प्रोबायोटिक्स एवं प्रविधि प्रदर्शनमा प्रयोग गर्न सक्नेछ।

(७) कार्यक्रम सम्पन्न भएपछि साझेदारले चौमासिक रूपमा उत्पादन गरिएको साइलेजको परिमाण, प्रयोग/खपत भएको साइलेजको परिमाण, बाँकी मौज्दात, साइलेजको गुणस्तर सम्बन्धी विवरण, साइलेज प्रयोग गरेका पशुको संख्या, अन्य कृषकलाई गरिएको प्रविधि प्रदर्शन तथा ज्ञान हस्तान्तरण र पशु उत्पादनमा परेको प्रभाव सम्बन्धी विवरण कार्यालयमा पेश गर्नुपर्नेछ।

परिच्छेद- १९

कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

४९. साझेदार रकम: (१) सम्झौतामा उल्लिखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही रकम उपलब्ध गराईनेछ।

(२) निर्देशनालय/कार्यालयले देहायका क्रियाकलापहरुको लागि अधिकतम प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

क्र.सं.	क्रियाकलापहरुको विवरण	प्रोत्साहन रकमको अधिकतम सीमा
१	पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सामग्री खरिद	बढीमा ५० प्रतिशत
२	प्रजनन् प्रयोजनको लागि भाले पशु खरिद	समूह/सहकारीको सामूहिक स्वामित्वको लागि बढीमा ८० प्रतिशत र निजी उद्यमीको हकमा बढीमा ५० प्रतिशत
३	मासु प्रयोजनका लागि राँगा खरिद	बढीमा ५० प्रतिशत

मा. रमा आले मगर
मन्त्री

४	औजार, यन्त्र उपकरण र मेशिन खरिद	बढीमा ५० प्रतिशत
५	भौतिक पूर्वाधार निर्माण/सुधार	बढीमा ८० प्रतिशत
६	प्रविधि सहितको पूर्वाधार निर्माण	बढीमा ८० प्रतिशत
७	सीप विकास तालिम सञ्चालन/प्रदर्शनी	बढीमा १०० प्रतिशत

(३) कार्यक्रम बजेटको बढीमा २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याउन सकिनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ।

(४) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यसम्पन्न खुल्ने फोटो सहित तोकिएको समयभित्रै निर्देशनालय/कार्यालयमा भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(५) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालय/कार्यालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(६) उपदफा (५) बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र निर्देशनालय/कार्यालयले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी निर्देशनालय/कार्यालयले साझेदारको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(७) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

परिच्छेद -२०

अन्य व्यवस्था

५०. <u>प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः</u> (१) प्रस्तावकले अन्य निकायबाट दोहोरो अनुदान लिन पाउने छैन।

